नगर प्रमुख भरत प्रसाद रिजाल ज्यूले

दुल्लू नगरपालिकाको १३ औं नगरसभाको वैठकमा प्रस्तुत गर्नु भएको

दुल्लू नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को

# नीति तथा कार्यक्रम

## दुल्लू नगरपालिका

दुल्लू, दैलेख

२०८० असार १० गते

यस गरिमामय तेह्रौं नगरसभामा उपस्थित नगर उप प्रमुख ज्यू लगायत नगरसभाका सदस्य ज्यूहरु, नगरसभाका सचिव, प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु

सर्वप्रथम "समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लू नगरपालिकाको पहिचान; ऐतिहासिक, पुरातात्त्विक सम्पदाको संरक्षण र बिकास हाम्रो अभियान" भन्ने मूल नाराका साथ संचालन हुन गईरहेको यस दुल्लू नगरपालिकाको तेह्रौं नगरसभाको वैठकमा सबैलाई हार्दिक स्वागत गर्दछु । ऐतिहासिक, धार्मिक, पुरातात्त्विक, साँस्कृतिक एवम् प्राकृतिक सम्पदाले भरिपूर्ण यस दुल्लू नगरपालिकाको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका लागि आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको वैठकमा प्रस्तुत गर्न पाँउदा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा म नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

हामी जानकार नै छौं, हाम्रा चाहना र आवश्यकता असिमित छन्, तर श्रोत र साधन सिमित छ । सिमित श्रोत र साधनको न्यायोचित वितरण र अधिकतम् प्रयोगबाट समग्र नगरपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्वोधन गर्न प्रयास गरिनेछ । तसर्थ सिमित श्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा छनौट गरी समुदायको अधिकतम् जनसहभागिता, सहकार्य तथा सामुहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ परिस्थिति हो । यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनीतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था, विकासप्रेमी व्यक्तित्वहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरुसँग सहयोग र सहकार्यको आशा र अपेक्षा गरिएको छ ।

लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात् तीन तहको संघात्मक व्यवस्था भएको हाम्रो मुलुकमा कानुनत: स्थानीय तह पनि एक सरकारको रुपमा स्थापित भई जननिर्वाचित स्थानीय सरकारवाट जनचाहना अनुरुपका समुदायलाई प्रत्यक्ष रुपमा अग्रगामी परिवर्तन तर्फ लैजाने आर्थिक समुन्नति, समृद्धि र सहज जीवनयापनको चाहना पूरा गर्ने नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नु हामी जनप्रतिनिधिहरुको नागरिक प्रतिको उत्तरदायित्व हो । संविधानको मर्म र भावना अनुसार संघीय लोकतान्त्रीक गणतन्त्रको कार्यान्वयन पक्षमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह बिचको सहअस्तित्व, समन्वय र सहकार्यमा दुल्लु नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक एवंम भौतिक पूर्वाधार विकास, दिगो विकास र समृद्धिको लागि यस नगरसभाले दिशा निर्देश गर्नेछ । सोही अनुसार न्यून श्रोत साधनको अधिकतम परिचालन गरी

नागरिकहरुका असिमित आवश्यकताहरु पुरा गर्ने ध्येयका साथ नगरपालिकाको तर्फवाट आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष पेश गर्दछु ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

**"समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लू नगरपालिकाको पहिचान, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण र विकास हाम्रो अभियान"** भन्ने मूल नाराका साथ संचालन हुन गैरहेको यस १३ औं नगरसभामा नगरको समग्र विकास कार्यक्रमलाई योजनाबद्ध, व्यवस्थित र प्रभावकारी रुपमा अगाडि बढाउन नेपालको संविधान , स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तुर्जमा दिग्दर्शन २०७८, नेपाल सरकारवाट र कर्णाली प्रदेश सरकारवाट प्राप्त मार्गदर्शन, दिगो विकासका लक्ष्य, १५ औं योजना, कर्णाली प्रदेश सरकारको पञ्चवर्षीय योजना, मध्यकालिन खर्च संरचना, नगरपालिकाको आबधिक योजना, विषय क्षेत्रगत योजना समेतलाई मध्येनजर गरी आम नागरिकको माग, आवश्यकता, नगरमा प्राप्त श्रोत र साधनको अवस्था, विकास साझेदारको समन्वय र सहयोगमा समावेशी, समन्यायिक, वातावरण अनुकूलन र सुशासनयुक्त विकास लगायत विपद् व्यवस्थापन, स्थानीय स्तरका नागरिकहरुको लागि रोजगारी श्रृजना र आयआर्जन वृद्धि गर्ने खालका कार्यक्रम अगाडि वढाउन कार्यपालिकाबाट स्वीकृत भई आएको आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरबाशाली ठानेको छु ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

स्थानीय तहको दोस्रो निर्वाचन प्रश्चात गठन भएको स्थानीय सरकारको कार्यकालको पहिलो वर्षमा प्राप्त अनुभवहरुको आधारमा सामाजिक, आर्थिक, सांस्कृतिक विकासको दृष्टिले पछाडि परेका वर्ग, लोपोन्मुख आदिबासी/जनजाति, महिला, दलित, असहाय, अपाङ्ग, विपन्न वर्गलाई विकासको प्रत्यक्ष प्रतिफल दिलाउनु, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्नु, ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्नु, शैक्षिक गुणस्तरमा सुधार ल्याउनु, विकास प्रकृयामा जनतालाई अर्थपूर्ण सहभागी वनाई नगरमा रोजगारी सृजना गर्नु, आमनागरिकको जीवनस्तरमा सुधार गर्नु, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नु, राजनीतिक दल, नागरिक समाज र गैरसरकारी संस्था वीच विकासका साझा एजेण्डा तयार पार्नु लगायतका दुल्लू नगरपालिकाको आन्तरिक श्रोत वृद्धि गर्नुजस्ता विकास प्रकृयाका सवालहरु हाम्रो सामु चुनौतीको रुपमा उभिएका छन् । यस प्रकारका चुनौतीहरुलाई अवसरमा परिणत गरी हरेक नागरिकले खुशी प्राप्त गर्न सके उपलव्धि हुनेछ भन्ने विश्वास लिएको छु ।

आम नगरवासी, नागरिक समाज, जनप्रतिनिधिहरु बिच विकास निर्माणमा देखिएको समन्वय, सहमति र सहकार्य विभिन्न विकास साझेदार संस्थाहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले विकास कार्यमा देखाएको अभिरुचि, प्राकृतिक श्रोत, जैविक विविधता, नगरपालिकाको सांस्कृतिक तथा ऐतिहासिक वस्तुहरुको प्राचुर्यता, भौगोलिक अवस्था र विविधतायुक्त हावापानी, आर्थिक केन्द्रहरुको वृद्धि र विकास, सहकारी क्षेत्रको विकास, पूर्वाधार विकास जस्ता पक्षहरुलाई विकासका अवसरको रुपमा लिईएको छ । यसैगरी यी अवसरहरुको सदुपयोग गर्दै सरोकारवालाहरुसँगको सहकार्य, समन्वय र सहभागिताको आधारमा विकास निर्माण प्रकृया अगाडि वढाउन सकेमा नगरपालिकाले दिगो र जनमुखी विकास गर्न सक्ने कुरामा म विश्वस्त छु ।

दुल्लू नगरपालिकाबाट जनतालाई प्रवाह गरिदैं आएको सेवामा प्रभावकारिता ल्याउन विषयगत कार्यालयहरु र शाखाहरु बिच भएको प्रभावकारी समन्वय एवं सवै प्रकारका विकास कार्यक्रमहरुमा नागरिक समाज, सञ्चारजगत र निजी क्षेत्रवाट हामीलाई प्राप्त भईरहेको सृजनात्मक सहयोग अतुलनीय रहेको छ । १३ औं नगर सभा संचालन गर्ने क्रममा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तुर्जमा दिग्दर्शन २०७८ का आधार र योजना तर्जुमा चरणहरुलाई पुरा गर्नुका साथै नगरपालिकामा क्रियासिल राजनीतिक दल, दातृनिकाय, गै.स.स., नागरिक समाज, पत्रकार, प्रवुद्ध वर्ग तथा आम जनसमुदायबाट प्राप्त भएको रचनात्मक सुझाव, सल्लाह र सहयोगलाई समेत मध्यनजर गरिएको छ । यस कार्यमा सहयोग प्रदान गर्नु हुने सबै महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै भविष्यमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

यस नगरसभाले तय गरेको आगामी आ.व.०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रमले आगामी दिनमा नगरपालिकाको दिगो विकासको खाका निर्माण, स्थानीय रोजगारी र आयमुलक कार्यमा विपन्न र सिमान्तकृत समुदायको सहभागितामा नागरिकहरुमा सचेतना अभिवृद्धि गर्नुका साथै संस्थागत व्यवस्थापन, स्थानीय अनुकुलन र वातावरण संरक्षण लागायतका क्षेत्रमा सकारात्मक रुपान्तरण भई महिला, दलित, जनजाति, पिछडिएको वर्ग तथा सीमान्तकृत समुदायको जीवनस्तरमा महसुस गर्न सकिने परिवर्तन हुने अपेक्षा लिईएको छ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रमको तर्जुमा गर्दा नेपालको संविधान, दिगो विकासका लक्ष्यहरु, चालु पन्ध्रौं पञ्चवर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय

तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, विभिन्न राजनीतिक दलहरु,  नागरिक समाज, पत्रकार, बुद्दिजिविहरु तथा विकास साझेदारहरुबाट प्राप्त सुझावहरु लगायत दुल्लू नगरपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायत आन्तरिक आम्दानीलाई समेतलाई विश्लेषण गरी सोहि बमोजिम नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

अव म आगामि आर्थिक वर्ष ०८०।०८१ का लागि दुल्लू नगरपालिकाले अवलम्वन गर्ने मुख्य मुख्य क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु।

१. **आर्थिक विकास सम्वन्धी नीतिहरु**

१.१ **कृषि तथा पशुपंक्षी विकास सम्वन्धी नीतिहरु**

१.१.१ जलवायु परिवर्तन र प्रतिकूल मौसमका कारण मानव जीवनमा निम्त्याउन सक्ने खाद्यान्नको अभाव र भोकमरीको अवस्थालाइ मध्यनजर गरी **साना तथा मझौला कृषि पकेट क्षेत्रको विकास** गर्नका लागि तरकारी पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ ।

१.१.२ सुन्तला उत्पादनको प्रचुर सम्भावना रहेको दुल्लू नगरपालिकाका विभिन्न वडाहरुमा सुन्तलाको व्यावसायिक उत्पादन गर्दै कृषकलाई आत्मनिर्भर बनाउने उदेश्यले **सुन्तला पकेट क्षेत्र विकास कार्यक्रम** संचालन गरिनेछ ।

१.१.३ **"एक वडा एक कृषि उत्पादन"** कार्यक्रमको अवधारणालाई थप ब्यवस्थित गर्दै कृर्षि उत्पादकत्व बृद्धि गरी यस नगरपालिका क्षेत्रलाई अर्गानिक तरकारी, फलफूल, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ भने यसका लागि विभिन्न विकास साझेदारहरुसँग आवश्यक समन्वय, साझेदारी तथा सहकार्य गरिनेछ। साथै, **लागत साँझेदारीमा भैसी तथा बाखा प्रवर्द्धन कार्यक्रम** संचालन गरिने छ ।

१.१.४ विभिन्न विकास साझेदार संस्थाहरुसँगको सहकार्यमा कृषि उत्पादनमा हुने जोखिम न्यूनीकरण र क्षति व्यवस्थापन गर्न **जलवायु मैत्री स्थानीयकृत कृषि विमा र कृषक मौसम सल्लाह सेवा** लागू गरिनेछ ।

१.१.५ कृषिलाई नगरपालिकाको मुख्य आधार स्तम्भ मानेर विद्यमान कानूनलाई आवश्यकता अनुसार परिमार्जन तथा नयाँ कानूनहरुको  निर्माण गरिने छ।

१.१.६ **उत्पादनमा आधारित अनुदान कार्यक्रम** संचालन गरिने छ।

१.१.७ वडाको सम्भाव्यताका आधारमा भौगोलिक विशेषता प्रतिविम्वित हुने गरि उष्ण, उपोष्ण र समशितोष्ण जलवायू अनुसारको उपयुक्त व्यावसायिक कृषि पकेट बस्तु क्षेत्रको विकास गर्न **एकिकृत प्याकेज कार्यक्रम** लागु गरिनेछ।यसमा कम आयतन बढी मुल्य पर्ने अलैंची खेती,

किवी, च्याउ, कफी फलफूल, स्याउ, केरा, आँप, किवि, एभोकाडो, लिचि, नास्पाति, हलुवावेद, ओखर, अनार तथा अमिलो जातका फलफूल, बेमौसमी तरकारी खेती, तरकारी बिउ उत्पादन र मसला बाली प्रवर्दनमा विशेष जोड दिइनेछ।

१.१.८ किसानको उत्पादनलाई खेर जान नदिन उत्पादित वस्तुको बजार व्यवस्थापन, सुरक्षित भण्डारणको लागि निर्माण भएका संकलन केन्द्र, कोल्ड चेम्वर तथा रष्टिक स्टोर संचालनमा ल्याइनेछ।

१.१.९ **जलबायूमैत्री सुन्तलाजात फलफूल खेती पकेट विस्तार कार्यक्रम** संचालन गरिनेछ ।

१.१.१० कृषकलाई तरकारी खेति, च्याउ खेति, विषादीको न्यून प्रयोग, जैविक विषादी निर्माण र प्रयोग सम्वन्धी तालिमका साथै **स्थानीय स्रोत व्यक्तिको तयार** गरिनेछ।

१.१.११ किसानहरुलाई स्थानीय स्तरमा उत्पादित रैथाने वीउ विजन वितरण गर्ने ब्यवस्था मिलाईनेछ। साथै वीउ विजन सम्वन्धी कार्यविधि तय गरी आगामी दिनमा किसानबाट नै रैथाने वीउ विजन उत्पादन गराइ वीउ वैंक स्थापना गराइने छ।

१.१.१२ माटोको उर्वरा शक्ति वृद्दि तथा कायम राख्नको लागि माटो शिविर मिनी ल्याव संचालन र रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै **गोठेमल सुधार तथा भकारो व्यवस्थापन कार्यक्रम** सुरु गरिने छ। साथै प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१.१.१३ **आत्मनिर्भर कार्यक्रम** अन्तर्गत मकै, गहुँ, धान, कोदो, फापर, जौ बाली तथा ताजा तरकारी खेती र अदुवा बेसार बाली **विशेष आत्मनिर्भर कार्यक्रम** संचालन गरिनेछ ।

१.१.१४ लोप उन्मुख रैथाने बालीको संरक्षण तथा प्रवर्दन गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ।

१.१.१५ **"बाँझो जमिनको उपयोग, उत्पादनमा सहयोग"** भन्ने सोचका साथ बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रमहरू संचालन गरिने छ।

१.१.१६ बेमौसमी तरकारी खेतीलाई व्यावसायिक र दिगो बनाउन प्रविधिको व्यापक विस्तार गर्नको लागि **प्रविधि विस्तार कार्यक्रम** संचालन नीति ल्याइने छ।

१.१.१७ जैविक विविधताको संरक्षण गर्दै कृषि वन प्रणालीको माध्यमबाट कृषि र वातावरण क्षेत्रको सन्तुलन कायम गरिने छ।

१.१.१८ **जलवायू मैत्री कृषि उत्पादनलाई प्रोत्साहित** गर्न दुल्लू नपा र ग्रेप परियोजना, सिप्रेड लगायत अन्य गैह्र सरकारी संघ संस्था सँगको समन्वय तथा सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।

१.१.१९ कृषि क्षेत्र विकास कार्यक्रम र एनसापसँग आवश्यक समन्वय र सहकार्य गगिरनेछ ।

१.१.२० **बाली बिमा कार्यक्रम**लाई व्यापक र विस्तार गर्दै लगिनेछ।

१.१.२१ कृषि क्षेत्रको उत्पादन बृद्धि गराउन भौगोलिक स्थिति अनुसार स्थानीयस्तरमा उपलब्ध जलश्रोत मुहानलाई साना सिँचाई, स्वाइल सिमेन्ट प्लाष्टिक पोखरी, थोपा सिँचाइ, रिचार्ज पोखरी प्रयोगमा ल्याउन जोड दिइनेछ। साथै सुविधा नपुगेको जमिनमा सिँचाई सुविधाको लागि **साना सिँचाई तथा सहकारी सिँचाई कार्यक्रम** संचालन गरिने छ जसले रोजगारीको अवसर सिर्जना गरी गरिबी निवारणमा टेवा पुग्नेछ।

१.१.२२ वडाको सम्भाव्यता अध्ययन गरी **कृषि पकेट क्षेत्र विशेष कार्यक्रम** संचालन गरिनेछ।

१.१.२३ **एक वडा एक कृषि विकास फार्म स्थापना** गरी वडा स्तरबाटै आवश्यक बीउ बिजन (कृषि, फलफुल, जडीबुटी) लगाएत सेवा वडास्तरमै उपलब्ध गराइनेछ।

१.१.२४ यस नगरपालिका क्षेत्र भित्र निरन्तर कृषि पेशा व्यवसायमा संलग्न **किसानहरुलाई प्रोत्साहन गर्न क्षमता विकास कार्यक्रम** संचालन गरिनेछ।

१.१.२५ नगरपालिका भित्र व्यवस्थित रुपमा बाली उत्पादन तथा वातावरण मैत्री कृषि उत्पादन गर्नका लागि आई.पि.एम, आई.पि.एन.एस, विभिन्न प्रर्दशन, कृषक पाठशाला संचालन गरिनेछ।

१.१.२६ मौसम तथा अन्य प्रकोपको उतारचढावको अवस्थामा आधा हेक्टरभन्दा कम जमिन भएका र बर्षभरी सिमान्त कृषकहरुको लागि **खाद्य तथा पोषण सुरक्षा विकास कार्यक्रम** संचालन गरिनेछ।

१.१.२७ व्यावसायिक कृषि उत्पादनका सम्भाव्य क्षेत्रहरुमा **कृषि प्राविधिक प्रसार सेवा** निशुल्क उपलव्ध गराउन निजी क्षेत्र, सहकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रलाई आकर्षित गरिनेछ।

१.१.२८ किसानका खेतबारीमा देखिएका समस्या तत्काल समाधान गर्न ग्रेप परियोजनासँगको सहकार्य मार्फत **जियो कृषि एप संचालन** ल्याइनेछ ।

१.१.२९ नरपालिका र विभिन्न वित्तीय संघ संस्थाको समन्वय र सहकार्यमा किसानलाई कृषि कर्जाका लागि पहल गरिनेछ ।

१.१.३० यस नगरपालिकाको वडा नं. २ मा निर्माणाधिन रहेको ग्रीन हाउसलाई व्यवसायिक रुपमा प्रयोगमा ल्याईनेछ ।

१.१.३१ **पशुपालन व्यवसायलाई आर्थिक विकाशको मेरुदण्ड**को रुपमा विकास गर्ने नीति लिइनेछ ।

१.१.३२ पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत बिरामी पशुको औषधि उपचार, रोग निरोधक खोप, महामारी नियन्त्रक कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ। साथै सेवाको पहुँच बाट टाढा रहेका क्षेत्रमा **निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन** गरिनेछ।

१.१.३३ निर्वाहमुखी तथा परम्परागत पशुपालनलाई आधुनिक एबं व्यवसायिक पशुपन्छी पालनको रूपमा विकास गरी दूध, मासु र अण्डामा आत्मनिर्भर गराइनेछ ।

१.१.३४ पशु उत्पादनमा देखिएको उच्च लागतलाई न्यूनीकरण गर्न घाँसमा आधारित पशुपालनलाई जोड दिइनेछ । जसका लागि वर्षै भरी हरियो घाँस उत्पादन गर्न उन्नत जातको घाँस खेती लाई उच्च महत्त्व दिई घाँसको बीउ तथा बेर्ना वितरण गरिनेछ ।

१.१.३५ पशुपालनको उत्पादन तथा उत्पादकत्व को दिगो बृद्धि गर्न **पशु नस्ल सुधार तथा जातीय सुधारको नीति** अबलम्बन गरिनेछ । नस्ल सुधारकालागि गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधानको कार्यलाई अभियानकै रूपमा सञ्चालन गरी पशुजन्य उत्पादनमा वृद्धि गरिनेछ ।

१.१.३६ पशुबस्तुको स्रोत केन्द्र स्थापना गर्न गाई, भैंसी र बाख्राको पकेट क्षेत्र छनौट गरी **कृषक समूह, पशुपालन सहकारी तथा सहकारी मार्फत दूध उत्पादन कार्यक्रम** सञ्चालन गरिनेछ।

१.१.३७ **पशु बस्तुको रोग निदान तथा माइनर सर्जरीका लागि मिनी ल्याब स्थापना** गरिनेछ साथै रोग निदानको लागि पशु वस्तुको नमूना संकलन गरी क्षेत्रीय, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा पठाईनेछ ।

१.१.३८ परम्परागत रूपमा रहेका कृषकहरुको लागि **गोठ तथा भकारो सुधार कार्यक्रम** ल्याइनेछ । पशु उत्पादन बजारीकरणका लागि डेरी पसल स्थापना, मासु पसल सुधार, र दूध संकलन केन्द्र स्थापना जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

१.१.३९ कृषकहरुका लागि आवश्यकता अनुसार व्यवसायिक पशुपालन तालिम, उन्नत घाँस खेती तालिम, सन्तुलित पशु आहारा बनाउने तालिम तथा पशु बीमा सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

१.१.४० **पशु स्वास्थ्य नियमन कार्यक्रम** अन्तर्गत पशु औषधि पसल, पशुपन्छी फर्म, मासु पसल को तथ्याङ्क संकलन, अनुमगन, निरीक्षण गरिनेछ।

१.१.४१ युवावर्ग लाई पशुपालन क्षेत्रमा आकर्षण गरी स्वदेशमै रोजगारीका अवसरहरू सृजना गर्न युवाहरुको लागि **युवा लक्षित पशुपालन कार्यक्रम** ल्याइनेछ, जस अन्तर्गत प्रतिस्पर्धाको आधारमा गाई भैंसी पालन, बाख्रा पालन, बंगुर पालन, कुखुरा पालन र बजारीकरण जस्ता कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराइनेछ।

१.१.४२ दुल्लु नगरपालिका भित्र पशुपन्छीसँग सम्बन्धित दिवस, सप्ताह, अभियान तथा शिविर जस्ता सचेतनामुलक कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।

१.१.४३ पशुपन्छीका महामारी तथा जनस्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने रोगहरूको निवारण र उन्मुलनको लागि कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ।

१.१.४४ उच्च मूल्य जाने पशुपन्छी जस्तै : कालिज , टर्की, बँदेल आदिको उत्पादन एबम् उत्पादकत्व वृद्धि गर्न उपयुक्त पद्दति अबलम्बन गरिनेछ ।

१.२	**उद्यम विकास सम्वन्धी नीतिहरु**

१.२.१ गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम सञ्चालन गर्दा मेड्पा निर्देशिका २०७७ बमोजिम लघु उधम विकासका विभिन्न मोडेलहरु अवलम्वन गरी उद्यम विकास सम्बन्धी सेवाहरुलाई एकीकृत रुपमा प्रदान गरिने छ ।

१.२.२ मागमा अधारित उधम पर्यटन कृषि तथा गैह्र कृषि क्षेत्रमा जोड दिई स्थानीय श्रोत साधन तथा स्थानीय उत्पादनमा जोड दिदै आत्मनिर्भरता तर्फ उन्मुख गरी ब्यावसायिकरणको माध्यमद्वारा हाल भैरहेको आयातमा प्रतिस्थापन गरी उद्यमशिलता मार्फत नगरपालिका भित्र रहेका युवा तथा लक्षित वर्गलाइ आत्मनिर्भर बनाउन जोड दिइनेछ ।

१.२.३ बजारको मागका साथै **श्रोतसाधनको उपलब्धता र जनचाहनामा आधारित उद्यम स्थापना तथा विकास र उधमीको स्तरोन्नति** गरिनेछ ।

१.२.४ दुल्लू नगरपालिकामा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक पूर्वाधार निर्माणको लागि प्रक्रिया वढाईने छ ।

१.२.५ लघु, साना तथा घरेलु उद्योग सञ्चालन हुने उद्योग व्यवसायलाई स्थानीय **कर तथा सेवा शुल्कमा विशेष छुट तथा थप सहुलियत प्रदान** गरिनेछ ।

१.२.६ बिदेशबाट फर्केका तथा बेरोजगार युवाहरुलाइ स्थानीयस्तरमा स्वरोजगारीका अवसर सृजना गर्नका लागि उद्यमशिलता तालिम सञ्चालन गरी **एक घर एक उद्यम कार्यक्रम सञ्चालन** गरिनेछ ।

१.२.७ आगामी आर्थिक वर्षमा ८० जना नयाँ उद्यमी सृजना गरिने छ भने पुराना र वास्तविक उद्यमी पहिचान गरी स्तरोन्नतीमार्फत् २० जना उद्यमीहरु तयार गरिने छ ।

१.२.८ लघु उद्यमीहरुले उत्पादन गरेका बस्तुहरुको बजारीकरण तथा प्रवर्द्धनमा जोड दिनुका साथै **कोशेली घरको अवधारणालाइ कार्यान्वयन तथा सञ्चालन**मा ल्याउनको लागि विशेष पहल गरिनेछ ।

१.२.९ विशेष गरेर दुल्लू नगरपालिका भित्र रहेका लक्षित वर्गहरु तथा गरिव घरधुरी पहिचान कार्यक्रम मार्फत् पहिचान भएका गरिव घरधुरीलाइ विभिन्न सिपमुलक तालिम तथा आय आर्जनमूलक तालिमको व्यवस्था गर्ने साथै उद्यमशिल बनाइ उनीहरुको आर्थिक अवस्था सुधार गर्नमा जोड दिइनेछ ।

१.२.१० ब्यवसाय गरिरहेका र दर्ता नगरेका उधम ब्यवसायलाई दर्ता गर्न सहजीकरण गरिनेछ ।

१.२.११ विभिन्न विकास साझेदारहरुसँगको समन्वयमा स्वरोजगारमूलक उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३ **रोजगार सेवा केन्द्र सम्वन्धी नीतिहरु**

१.३.१ रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत भएका ३३२५ बेरोजगार व्यक्तिहरु मध्ये स्तरीकरणका आधारमा संघ प्रदेश र स्थानीय तहद्धारा बिनियोजित बजेटबाट सञ्चालित आयोजनाहरुमा सुचिकृत कामदारहरुलाई सहभागी गराई कार्यक्रमले लिएको लक्ष्य अनुसार अधिकतम १०० दिनको रोजगारी सिर्जना गरीने छ ।

१.३.२ नगर क्षेत्र भित्र सञ्चालन हुने भौतिक पुर्वाधारजन्य योजनाहरु कार्यान्वयनको क्रममा ठेक्का प्रणाली होस वा उपभोक्ता समिति वाट होस जुन सुकै भएनि रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताकासाथ काममा लगाउन आवश्यक प्रवन्ध गरिने छ ।

१.३.३ आगामी आर्थिक बर्ष २०८०।०८१ देखी कुनै पनि कामदारको ज्याला बापतको रकम उपभोक्ता समितिको खातामा नभई कामदारको बैंक खाता मार्फत रकम भुक्तानी गर्ने नीतिलाई कडाईका साथ लागु गरीनेछ ।

१.३.४ स्थानीय तहमा रहेका सीप विकास उधमशिलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरहरुको पहिचान गर्न, स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम र बजेट निर्माण गर्न, नागरिकलाई व्यावसायिक सीप विकास, रोजगारी प्रबर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उधमशिलता प्रबर्धन, स्वरोजगारी, बैदेशिक रोजगारीमा जानेलाई दिईने सेवालाई प्रभावकारी कार्यान्वयनकालागि **स्थानीय रोजगार रणनीति** तयार पारी लागु गरीनेछ ।

१.३.५ विपन्न तथा गरिवीको चपेटामा परेका घरधुरीहरुको तथ्याङक अध्यावधिक गरी उनीहरुको आर्थिक तथा सामाजिक विकासकोलागी **स्वरोजगारमुलक र सिपमुलक कार्यक्रम** संचालन गरीनेछ । साथै, नगरपालिकाले संचालन गर्ने आयोजनाहरु स्थानीय श्रोत, साधन र सामग्रीहरुको प्रयोग तथा रोजगारीमा वृद्धि हुने गरी संचालनमा ल्याइनेछ ।

१.३.६ वेरोजगार व्यक्तिहरुको सूचीकरण कार्यलाई आगामी आर्थिक बर्ष २०८०।०८१ मा पनि निरन्तरता प्रदान गरिने छ ।

१.४ **सहकारी सम्वन्धी नीतिहरु**

१.४.१ सहकारीको मुल्यमान्यता तथा सिद्धान्तको अनुसरण गर्न गराउन नगरपालिका क्षेत्र भित्रका सबै सहकारीहरुलाई अभिप्रेरित गरिने छ।

१.४.२ सहकारी सदस्यहरुको क्षमता अभिवृद्दि कार्यक्रम संचालन गरिनुका साथै सामुहिक उद्योग संचालन गर्न अभिप्रेरित गरिनेछ।

१.४.३ सहकारीका क्षेत्रलाई सक्षम बनाउन वित्तिय सहयोग उपलव्ध गराउनका साथै आवश्यक पुर्वाधारको विकास गरिनेछ।

१.४.४ सहकारी संस्थाहरुलाई गतिशिल बनाउन सहकारी प्रवर्द्दन शाखामा जनशक्ति व्यवस्थापन गरिनेछ।

१.४.५ दुल्लू नगरपालिका कार्यक्षेत्र भएका सम्पुर्ण सहकारीहरुलाई अनिवार्य कोपोमिस प्रर्णालीमा आवद्द गरिने छ।

१.४.६ सहकारीहरुको व्यवस्थापन तथा संचालन सम्बन्धि सहकारीहरुलाई क्षमता विकास तालिम कार्यक्रम संचालन गरिने छ।

१.४.७ सहकारीको भौतिक पुर्वाधार विकासका लागि **सहकारी साझेदारी कार्यक्रम** संचालन ल्याइने छ।

१.४.८ सहकारीको नियमित अनुगमन तथा पृष्टपोषण दिइ संस्थाहरुको स्तर उन्नति गरिने छ।

१.५ **पर्यटन सम्वन्धी नीतिहरु**

१.५.१ "हाम्रो सस्कृर्ति, हाम्रो गौरव र हाम्रो पर्यटन" भन्ने अवधारणालाई सार्थक पार्नका लागि पर्यटकीय पुर्वाधार निर्माण गरी धर्म संस्कृति प्रवद्र्धन, धार्मिक पर्यटकीय पुर्वाधार निर्माण, आन्तरकि तथा वाह्रय प्रर्यटनको प्रवद्धन गर्ने उदेश्यले पञ्चकोशि क्षेत्रको पूर्वाधार विकास आयोजनाहरु संचालन गरिनेछ ।

१.५.२ यस नगरपालिका क्षेत्रमा रहेका वन तथा सार्वजनिक क्षेत्रलाई सार्वजनिक निजी साझेदारी कार्यक्रमको अवधारणा अनुसारको नीति तय गरी उक्त क्षेत्रहरुमा कृत्रिम ताल र मनोरञ्जन पार्कको विकास गरी आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ ।

१.५.३ पर्यटन प्रवर्द्वनको लागि पुराना होमस्टेहरुलाइ प्रवर्द्वन गर्ने तथा होमस्टेहरु स्थापना गरिनेछ ।

१.५.४ Decorative Agro-tourism लाई प्रवर्द्धन गरिने छ ।

२ **सामाजिक विकास सम्वन्धी नीतिहरु :**

२.१ **अधारभूत स्वास्थ्य तथा सरसफाई सम्वन्धी नीतिहरु**

२.१.१ गुणस्तरिय सुरक्षित मातृत्व सेवा, परिवार नियोजन, खोप, पोषण लगायतका सेवाहरुलाई थप ब्यवस्थित, गुणस्तरिय र सेवाग्राहीमुखी बनाई गर्भका कारणले हुने जटिलता कम गरि मातृ तथा नवजात शिशु र बालवालिकाहरुमा हुने बिरामी दर र मृत्यदरमा कमि ल्याईनेछ ।

२.१.२ एचआईभि एड्स, टि बी, मलेरिया कुष्ठरोग, डेङ्गु र पानीजन्य रोग नियन्त्रण र रोकथामका लागि स्थानिय श्रोत  परिचालनका माध्यमबाट जनचेतनामूलक क्रियाकलाप परीक्षण तथा उपचारको सुनिश्चितता गरिनेछ ।

२.१.३ मुटुरोग, क्यान्सर, मधुमेह र दीर्घ श्वासप्रश्वास प्रणाली सम्बन्धी समस्यावाट हुने बिरामी दर र मृत्युदरमा कमी ल्याउन शिघ्र निधान, परीक्षण उपचार र चेतनामूलक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२.१.४ मानसिक समस्याबाट हुने बिरामी दर र आत्महत्या कम गर्नका लागि **मानसिक स्वास्थ्य शिक्षा, समस्या पहिचान र उपचार**को व्यवस्था गरिनेछ ।

२.१.५ गुणस्तरीय परिवार नियोजन सेवाको सुनिश्चितता र सेवा प्रवाह गरि परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ताको दरमा बृद्दि गरिनेछ साथै निजी क्लिनिकबाट प्रदान गरिने परिवार नियोजन सेवालाई गुणस्तरीय र नतिजामुखी बनाउने कार्यमा आवश्यक सहजीकरण गरिनेछ ।

२.१.६ माधक पदार्थ, सुर्तिजन्य पदार्थ र लागु पदार्थ दुर्व्यसनको प्रभावले मानव स्वास्थ्यमा पर्ने असर न्युनिकरण गर्नका लागि स्वच्छ जीवनशैली अपनाउनका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम कार्यान्वयन साथै **सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन २०६८** को पुर्ण कार्यान्वयन गरिनेछ ।

२.१.७ यस नगरपालिकाबाट जारी **स्वास्थ्य संस्था दर्ता अनुमती तथा नवीकरण निर्देशिका २०७९** को व्यवस्था बमोजिम नगरपालिका अन्तर्गत रहेका निजी क्लिनिक, अस्पताल, पोलिक्लिनिक र प्रयोगशालाहरुको दर्ता, अनुगमन तथा नियमन गरिनेछ ।

२.१.८ स्वास्थ्य सूचकहरुलाई नतिजामूखी बनाउनका लागि सर्वपक्षीय समन्वय गरी स्वास्थ्य सेवाको सार्वजनिक सेवा प्रवाहलाई थप गुणस्तरीय र व्यवस्थित गरिनेछ ।

२.१.९ असुरक्षित गर्भपतनबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरहरु कम गरी सुरक्षित मातृत्व सेवा लाई थप प्रभावकारी बनाउनका लागि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२.१.१० खेलकुद तथा योगका माध्यमबाट स्वच्छ जीवनशैली अनपाउनका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२.१.११ स्वास्थ्य सेवालाई थप ब्यवस्थित र नतिजामुखी बनाउन **एकिकृत अनुगमन तथा सुपरिवेक्षण निर्देशिका जारी** गरी नियमित रुपमा स्वास्थ्य सेवा प्रबाह लाई थप व्यवस्थित बनाईनेछ ।

२.१.१२ महिलाहरुको स्तन क्यान्सर, पाठेघरको क्यान्सरको सिघ्र पहिचान गरि समयमै उपचार सूरु गरि स्तन र पाठेघर क्यान्सरबाट हुने मृत्युदरमा कमी ल्याईनेछ ।

२.१.१३ गर्भ अवस्थामा हुने जटिलतालाई समयमै पत्ता लगाई सुरक्षित मातृत्व र नवजात शिशुहरुको स्वास्थ्यमा प्रवर्द्धन गर्नका लागि **गर्भवती महिलाहरुका लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम** लाई थप बिस्तार गरी लागु गरिनेछ ।

२.१.१४ स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड पुरा गर्नका लागि स्वास्थ्य संस्थामा आबश्यकता अनुसार भौतिक संरचना, औजार उपकरण तथा औषधि र कर्मचारीहरुको क्षमता बिकास गरिनेछ ।

२.१.१५ **स्वास्थ्य बिमा** कार्यक्रममा सवै नागरिकहरुलाई जोड्नका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२.१.१६ **एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली** मार्फत नियमित रुपमा भईरहेको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गरी सवै स्वास्थ्य संस्थाहरुलाई श्रोतयुक्त बनाई तथ्याङ्कको गुणस्तरियता कायम गरि सो तथ्याङ्कलाई आगामी दिनहरुमा **तथ्यमा आधारित**

**स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा तथा कार्यक्रम बनाउन योग्य बनाउन**का लागि आबश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२.१.१७ खाद्य बस्तुहरुमा हुने मिसावट, गुणस्तरहिन खाद्यबस्तुका कारणले हुने शारीरिक असर कम गर्नका लागि नियमित रुपमा **बजार अनुगमन** लाई कार्यान्वयन गरिनेछ ।

२.१.१८ स्वास्थ्य सेवा प्रदायकहरुको मनोवल उच्च राख्नका लागि **कार्य सम्पादनका आधारमा पुष्ठपोषण, दण्ड तथा पुरस्कारको ब्यवस्था** गरि स्वास्थ्यकर्मीहरुको **क्षमता बिकास र मनोवल बृद्दि** गर्न सहयोग गरिनेछ ।

२.१.१९ महिला सामुदायिक स्वयंसेविकाहरुले समुदायमा गर्नुभएको कार्यको मुल्याङ्कन गर्दै प्रोत्साहन गरिनेछ ।

२.१.२० दुल्लू अस्पताललाई प्रदेश सरकार मातहतको अस्पतालको रुपमा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ भने शहरी स्वास्थ्य सेवा केन्द्र बिनायकको सेवा विस्तार गरिनेछ ।

२.१.२१ यस नगरपालिकाको मालिका स्वास्थ्य चौकीमा एम्वुलेन्स सेवा सञ्चालनमा ल्याईनेछ ।

## २.२ आयुर्वेद सेवा सम्वन्धी नीतिहरु

२.२.१ स्वस्थकर आहार, विहार र स्थानीय स्तरमा पाइने जडिवुटीको प्रयोग बाट नसर्ने रोगको व्यवस्थापनको लागि जनचेतनामुलक कार्यक्रम गरिनेछ ।

२.२.२ आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत चिकित्सा पद्धतिको विकास गरिनेछ ।

२.२.३ **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने नारालाई साकार पार्न योग र योगसँग सम्बन्धित सेवा सुविधा सम्पन्न योग हलको निर्माण गर्न कर्णाली प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक समन्वय तथा पहल गरिने छ ।

२.२.४ नगर जडिवुटी उद्यान निर्माणका लागि उपयुक्त स्थानको अध्ययन गरिनेछ ।

२.२.५ नियमित आयुर्वेद स्वास्थ्य सेवा लिन आउने सेवा ग्राहीको लागि औषधि व्यवस्थापनको लागि आवश्यक वजेट छुट्याइनेछ ।

२.२.६ जेष्ठ नागरिक सेवा र मातृशिशु सुरक्षार्थ स्तनपायी आमालाई दिदै आएको सेवालाई सवै वडामा विस्तार गरिनेछ ।

२.२.७ विद्यालय आयुर्वेद र योग शिक्षा कार्यक्रमलाई नगर भित्रका मावि तहका विद्यालयहरुमा सञ्चालन गरिनेछ ।

२.२.८ पुर्वकर्म, पञ्चकर्म सेवाको लागि आवश्यक पुर्वाधारको व्यवस्थापन गरी सञ्चालन गरिनेछ ।

२.२.९ दुल्लू नगरपालिका वडा नं. १३ विनायकमा संचालन हुँदै आएको गाँउघर क्लिनिक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२.२.१० दुल्लु नगरपालिका भित्रका पायल्स, फिसर, फिस्टुला जस्ता नसर्ने रोगका  विरामीहरुको उपचारको लागि निशुल्क  आयुर्वेद स्वास्थ्य शिविरबाट चिकित्सकीय सेवा दिने व्यवस्था मिलाइनेछ ।

२.३ **सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्वन्धी नीतिहरु**

२.३.१ सामाजिक सुरक्षा भत्ता वितरणका लागि सम्झौता भएका वैंकहरुसँगको समन्वयमा वडा स्तरमा नगद भुक्तानी सिविर संचालन गरी वडास्तरवाटै सामाजिक सुरक्षा भत्ता वितरणको लागि आवश्यक पहल गरिने छ ।

२.३.२ हाल संचालित सामाजिक सुरक्षाका कार्यक्रमलाई एकत्रित गरी दोहोरोपन हटाइनेछ ।

२.३.३ सामाजिक सुरक्षा सूचना व्यवस्थापन प्रणालीलाई विद्युतीय सरकारी लेखा प्रणाली EFT र एकल खाता कोष प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको बैंक खातामा जाने व्यवस्था गरिनेछ ।

२.३.४ सामाजिक सुरक्षा लाई पारदर्शिता अभिवृद्धि गरी अनियमितता नियन्त्रण गर्न सार्वजनिक सुनुवाईलाई वडास्तरमा नियमित गर्ने व्यवस्था गरिने छ ।

२.३.५ नेपाल सरकारले तोकेका वर्ग र क्षेत्रका पाँचबर्ष उमेर ननाघेका बालबालिकाहरुलाई प्रदान गर्दै आइरहेको बालपोषण भत्तालाई प्रभावकारी रुपमा बालबालिकामा लगानी गर्नका लागि अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२.३.६ व्यक्तिगत घटना दर्ताको महत्व र आवश्यकता बारे वडा स्तरमा विभिन्न चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२.३.७ व्यक्तिगत घटना दर्तालाई वडा स्तरबाटै अनलाइन विद्युतीय प्रणाली मार्फत पञ्जीकरण हुने व्यवस्था थप प्रभावकारी बनाइनेछ ।

२.३.८ व्यक्तिगत घटना दर्ताको एकीकृत विवरण तयार गर्नका लागि बाँकी रहेका पुराना घटना दर्ता कितावमा रहेका सम्पुर्ण विवरण डिजिटाइजेशन कार्य सम्पन्न गरिनेछ ।

२.४ **बहुक्षेत्रीय पोषण कार्यक्रम सम्वन्धी नीतिहरु**

२.४.१ परम्परागत खाद्य बस्तुमा आधारित पोषणयूक्त आहारहरुको तयारी सुचना स्थानीय रेडियो तथा होडिङ् वोर्ड मार्फत सम्प्रेषण गरिनेछ ।

२.४.२ वालपोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिनेछ ।

२.४.३ प्रत्येक वडा कार्यालय र स्वास्थ्य संस्थामा पोषण कर्नरको स्थापना गरिनेछ ।

२.४.४ पोषणयूक्त रैथाने खाद्यबस्तु र परिकार प्रर्दशन गर्ने र उत्कृष्ट समूह सहकारीलाई पुरष्कार दिने व्यवस्था मिलाईनेछ ।

२.४.५ पोषणमैत्री टोल र वडा निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

२.४.६ अभिभावक र शिक्षकसंग पोषण सम्बन्धी अन्तरक्रिया कार्यक्रम तथा १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरुलाइ आइरन चक्की र जुकाको औषधि खुवाउने ब्यवस्था मिलाइनेछ ।

२.४.७ घरबाट निस्कने फोहोरपानीको उचित सदुपयोग गर्नाका लागि करेशाबारी निर्माणमा जोड तथा अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

२.४.८ जलबायूमैत्री कृषि र जैविक विषादी र प्राङ्गारिक मल निर्माण गर्न कृषि तालिम तथा प्रविधि हस्तान्तरण गर्ने व्यबस्था मिलाइनेछ ।

२.४.९ रैथाने बाली प्रर्वदनका लागि अभिमुखिकरण तथा करेशाबारी निर्माण तालिम र तरकारी उत्पादन कृषि सामग्री र वीउ वितरण गरिनेछ ।

२.४.१० ब्यवस्थित पशुपंन्छी पालन तथा दुध जन्य पदार्थको प्रयोग सम्बन्धित अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२.४.११ विपन्न परिवारका आमाहरुलाई महिला समूह सहकारी मार्फत आयआर्जन कार्यक्रम संचालन गरिनेछ

२.४.१२ पोषण सुधारका लागि पोषण प्रर्वद्धन कार्यक्रम सचालन गरिनेछ ।

२.४.१३ हरेक स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्थ चौकी र कुपोषित वालवालिकाहरुका लागि ओटिसि सेन्टर विस्तार गरिनेछ ।

२.४.१४ पोषण मैत्री स्थानीय शासन प्रवन्धनका लागि पोषण युक्त टोल र वडा घोषणा गर्न आगामी ४ वर्ष भित्रमा यस नगरपालिकालाइ पोषण मैत्री नगरपालिका घोषणा गरिने छ ।

## २.५ शिक्षा युवा तथा खेलकुद सम्वन्धी नीतिहरु

२.५.१ दुल्लू नगरपालिकाको शैक्षिक क्रियाकलापहरूलाई प्रभावकारी बनाउन प्रत्येक महिना घुम्ती प्रधानाध्यापक बैठक सञ्चालन गरिनेछ ।

२.५.२ स्थानीय पाठ्यक्रम **हाम्रो परम्परा, हाम्रो सँस्कृति** कार्यान्वयनका लागि पाठ्यपुस्तक तयार गरी विद्यालयहरूमा वितरण गरिनेछ ।

२.५.३ तोकिएको सिकाइ उपलब्धी हाँसिल गर्न सहायता आवश्यक पर्ने विद्यार्थीहरूका लागि सहायता प्रदान गर्नका लागि विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ ।

२.५.४ समावेशी शिक्षा एवं बालमैत्री विद्यालय निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२.५.५ शिक्षकको पेशागत विकासमा सहयोग पुग्ने क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.६ आधारभूत तह उत्तीर्ण परीक्षा **(कक्षा-८)** लाई समुचित व्यवस्थापन गरिने छ ।

२.५.७ सामुदायिक सिकाई केन्द्रका परिचालक, बाल विकास केन्द्रका सहजकर्ता, विद्यालय सहायक कर्मचारी, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको पेशागत क्षमता, नेतृत्व सीप तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

२.५.८ प्रत्येक वर्ष उत्कृष्ट तहगत प्रधानाध्यापक र विषयगत शिक्षक छनौट गरी सम्मान गरिनेछ ।

२.५.९ विद्यालयमा नियमित रूपमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।

२.५.१० सँस्कृत शिक्षाको स्तरीकरणका लागि पञ्चकोशी वेद विद्याश्रमलाई नेपाल सँस्कृत विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा सम्बन्धन प्राप्त गर्नका लागि आवश्यक पहल गरिनेछ ।

२.५.११ प्रारम्भिक बाल विकास सहजकर्ता नभएका विद्यालयहरूमा बाल विकास सहजकर्ताहरूको व्यवस्था गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

२.५.१२ महिला शिक्षक प्रसुति हुँदा विद्यालय हुन जाने शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२.५.१३ दुल्लू नगरवासीलाई स्वस्थ, सम्पन्न र सुखी बनाउन **"गर, सिक र कमाउ"** अभियानलाई विस्तार गरिनेछ ।

२.५.१४ पञ्चकोशी बहुप्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरूलाई दुल्लू नगरपालिकाको योजना तथा कार्यक्रमहरुमा संलग्न गराई उनीहरुमा व्यवहारिक ज्ञानको क्षमता अभिवृद्धि गर्नुका साथै योजना तथा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारीता ल्याईनेछ ।

२.५.१५ **एक विद्यार्थी एक बिरूवा** हुर्काउन लगाई उक्त कार्यलाई विद्यार्थीको नतिजासँग जोडिनेछ ।

२.५.१६ नगरपालिकाबाट विद्यार्थी मूल्याङ्कन गरी शिक्षकको कार्यसम्पादनमा जोडी पुरस्कार र दण्डको व्यवस्था गरिने छ ।

२.५.१७ विद्यालयमा शिक्षकको नियमितता गर्नका लागि लगबुकको व्यवस्था गरिनेछ ।

२.५.१८ प्राथमिक तहमा अनिवार्यरुपमा प्रत्येक विद्यार्थीहरुको पोर्टफोलियो तयार गर्न लगाइनेछ ।

२.५.१९ प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्वन्धी कानून तर्जुमा गरी सुव्यवस्थित गरिने छ ।

२.५.२० सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख राखी संरक्षण र व्यवस्थापन गरिनेछ साथै गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति तथा जनशक्तिको उचित व्यवस्थापन गरिनेछ ।

२.५.२१ वडा शिक्षा समितिको गठन गरी वडाको शैक्षिक व्यवस्थापनलाई चुस्त दुरूस्त बनाईनेछ ।

२.५.२२ स्थानीयस्तरको शैक्षिक ज्ञान ,सीप र प्रविधिको संरक्षण ,प्रवर्द्धन र स्तरीकरण गरिनेछ ।

२.५.२३ सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन , विद्यालयको आय व्ययको लेखा अनुशासन कायम राख्न लेखा व्यवस्थापन तालिम र अन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाइनेछ ।

२.५.२४ प्राकृतिक प्रकोप तथा विपदबाट विद्यालयमा हुने क्षतिलाई तत्काल सम्बोधन गर्नका लागि विद्यालय विपद कोष स्थापना गरिनेछ ।

२.५.२५ विद्यालयमा सूचना प्रविधिको पहुँच पुऱ्याउनका लागि विद्यालयलाई क्रमिक रूपमा विद्युतको पहुँचमा पुऱ्याइनेछ । नगर भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक तथ्याङ्क संकलनमा एकरूपता कायम गरी सुव्यवस्थित गर्नका लागि प्रयोगमा ल्याइनेछ ।

२.५.२६ उद्यमशील शिक्षा ,प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र परम्परागत शिक्षाको विकासका लागि योजना तर्जुमा गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.५.२७ विद्यालयको गुणस्तर अभिवृद्धि गर्नका लागि विद्यालय व्यवस्थापन समिति ,प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकासका लागि नेतृत्व सीप तथा व्यवस्थापन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.२८ नगरपालिकाको शैक्षिक वस्तुस्थितिलाई चुस्त दुरूस्त राख्नका लागि नेपाल सरकारले प्रयोगमा ल्याएको एकीकृत शैक्षिक व्यवस्थापन प्रणालीको प्रयोगलाई सहज बनाउनका लागि तालिम सञ्चालन गरिनेछ ।

२.५.२९ विद्यार्थी र शिक्षकको प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

२.५.३० विद्यालय तहका परीक्षालाई प्रभावकारी ,निष्पक्ष ,विश्वसनिय र वैध बनाउनका लागि एकीकृत योजना निर्माण गरी लागू गरिनेछ ।

२.५.३१ विद्यार्थीमा देखिने मानसिक स्वास्थ्य सम्बन्धी समस्यालाई निराकरण गर्नका लागि विद्यालयहरूमा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.३२ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय झिकाउ ,टिकाउ ,सिकाउ र बिकाउका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी कम्तिमा पनि माध्यमिक शिक्षा पूरा गर्ने उपयुक्त शैक्षिक वातावरण मिलाइनेछ ।

२.५.३३ विद्यालय नक्साङ्कनका आधारमा विद्यालय समायोजन तथा तह मिलानको व्यवस्था गरिनेछ ।

२.५.३४ प्रत्येक सामुदायिक विद्यालयमा शैक्षिक सुशासन प्रवर्द्धन गर्नका लागि स्थायी शिक्षकलाई कार्यसम्पादन करार गरी प्रधानाध्यापक व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

२.५.३५ शिक्षकहरूलाई आफ्नो मूल कर्तव्य शिक्षण पेशामा बाधा पर्ने गरी राजनीति लगायतका अन्य गतिविधिहरूमा संलग्न हुन नपाउने गरी नगर शिक्षा समिती, वडा शिक्षा समिति ,विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले निगरानी राख्ने व्यवस्था मिलाइनेछ । दलको विधान बमोजिमको कार्यसमितिहरूमा रहेका शिक्षकहरूलाई **कि राजनीति कि शिक्षण पेशा** रोज्नका लागि निश्चित समय दिई तत्पश्चात कानूनी करबाहीका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

२.५.३६ संघात्मक व्यवस्था पछी विद्यालय अनुगमन ,निरीक्षण तथा सुपरीवेक्षणको क्रम भङ्ग भएकोले सामाजिक विकास समितिका संयोजक ,शिक्षा समितिका पदाधिकारी ,शिक्षा विकास तथा समन्वय इकाई ,सामाजिक विकास कार्यालय ,शिक्षा युवा तथा खेलकुद शाखा एवं विषय विज्ञबाट नियमित रूपमा विद्यालय अनुगमन ,निरीक्षण तथा सुपरीवेक्षण गरिनेछ ।

२.५.३७ सबै विद्यालयहरूमा समयमै वि.व्य.स .गठन र कानूनी तथा समाजिक लेखापरीक्षण सम्पन्न हुने प्रबन्ध मिलाइनेछ ।

२.५.३८ वातावरणमैत्री विद्यालय सञ्चालनको लागि प्रबन्ध गरिनेछ । मानव मलमूत्रलाई जैविक मलको रूपमा प्रयोग प्रबन्ध मिलाइनेछ ।

२.५.३९ बालबालिकाको मानसिक स्वास्थ्य तथा तनाव व्यवस्थापनका लागि त्रिपक्षीय अभिभाव-शिक्षक-विद्यार्थी छलफल कार्यक्रम गरिनेछ ।

२.५.४० प्राकृतिक विपद ,महामारी लगायतका समयमा बालबालिका ,शिक्षक तथा अभिभावकमा देखिने डर ,त्रास लगायतको मनोसामाजिक समस्यालाई सम्बोधन गरी पूर्ववत अवस्थामा ल्याउनको लागि जनशक्तिको विकास र परिचालन गरिनेछ ।

२.५.४१ बालबालिका तथा किशोर किशोरीको मानसिक स्वास्थ्यको बारेमा शिक्षक ,अभिभावक , विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्य ,अभिमुखीकरणको व्यवस्था मिलाइनेछ ।

२.५.४२ बालबालिका आत्महत्या न्यूनिकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ र विद्यालयका पुराना भौतिक संरचनाहरू सुधारहरू गर्दै नयाँ संरचनाहरू सबैको पहुँचयुक्त निर्माण गर्न पहल गरिनेछ ।

२.५.४३ शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमीद्वारा तयार पारिएको विद्यालय मनोसामाजिक परामर्श सम्बन्धी तालिम नगरपालिकामा सबै विद्यालयहरूमा क्रमशः कार्यान्वयन गरिनेछ ।

२.५.४४ यस दुल्लू नगरपालिका वडा नं. ८ सञ्चालित पञ्चकोशी वहुप्राविधिक शिक्षालयमा हाल डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ्ग, डिप्लोमा ईन एनीमल साइन्स, डिप्लोमा ईन कम्प्यूटर ईन्जिनियरिङ्ग

र डिप्लोमा ईन फरेष्ट्र संकायहरु सञ्चालन भईरहेकोमा डिप्लोमा ईन फार्मेसी र डिप्लोमा ईन नर्सिङ्ग समेत सञ्चालन गर्नको लागि आवश्यक पहल गरिनेछ ।

२.५.४५ प्रत्येक वडामा युवा क्लब गठन गर्नका लागि आवश्यक कानूनी व्यवस्था सहित प्रक्रिया अगाडी बढाइनेछ ।

२.५.४६ युवाहरूमा सकारात्मक अभिवृत्ति विकासका लागि युवा प्रतिभा पहिचन कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.४७ दुल्लू युवा प्रोफाइल तयार गर्नका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी समाज रूपान्तरणमा युवा परिचालन गरिनेछ ।

२.५.४८ शिक्षित बेरोजगार ,अर्ध बेरोजगार युवाहरूलाई समयानुकूल उद्यमशीलता र व्यवसायिकरण तर्फ जोड दिई स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.४९ राष्ट्रिय युवा नीति ,२०७२ को भावना अनुरूप युवा विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२.५.५० **“राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुल** ”भन्ने भनाइलाई आत्मसाथ गरी दुल्लू नगरपालिका भित्र संचालित आधारभूत तथा माध्यामिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको सर्वाङ्गिण विकास गर्नका विभिन्न विधाका खेलकुदको आयोजना गरिनेछ ।यसका लागि राष्ट्रपति रनिङ शिल्ड प्रयोयोगिता/नगर प्रमुख रनिङ शिल्ड प्रतियोगिताको आयोजना गरी विद्यार्थीको हरेक विद्यामा सहभागिकताको दर बढाउन कार्यक्रम संचालन गरिनेछ ।

२.५.५१ खेलकुद क्षेत्रको विकास गर्नका लागि नगरपालिका स्तरिय खेलकुद ग्रामको स्थापना गरिनेछ ।

२.५.५२ विद्यालयलाई क्रमिक रूपमा खेकुद सामग्री वितरण गरिनेछ ।

२.५.५३ नगर खेलकुद विकास समितिको गठन गर्न आवश्यक प्रक्रिया वढाईनेछ ।

२.५.५४ विद्यालयमा खेलकुद शिक्षक र कम्प्यूटर शिक्षकको व्यवस्था गर्न पहल गरिनेछ ।

२.५.५५ विद्यालयमा अनमीको दरवन्दी सिर्जना गर्न प्रक्रीया अगाडी वढाईने छ ।

२.५.५६ शैक्षिक क्षेत्रको सुधारको लागि एक वडा एक नमूना विद्यालय छनौट कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

२.५.५७ साहित्य, संगित र कलाको प्रवर्द्धन र विकास गर्न साहित्यिक उद्यान, प्रत्येक वडामा सार्वजनिक पुस्तकालय तथा वाचनालयको व्यवस्था गरिनुको साथै वडा नं. ७ मा रहेको विजया साहित्यिक उद्यानलाई व्यवस्थित गरी सर्वसाधारणको लागि खुला गरिनेछ ।

२.५.५८ विद्यालयको प्रभावकारी निरीक्षण तथा सुपरीवेक्षण गर्नका लागि श्रोत विज्ञको व्यवस्था गरिनेछ ।

२.५.५९ नेपाल दुरसञ्चार प्राधिकरणसँगको साझेदारीमा सवै विद्यालयहरुमा ईन्टरनेट सेवा विस्तार गरिने छ ।

२.५.६० कक्षा ११ र १२ मा शून्य दरवन्दी भएका विद्यालयहरुलाई अनुदानको व्यवस्था गरिने छ ।

२.६ **लैंगिक समता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीतिहरु**

२.६.१ विभिन्न विकास साझेदार तथा नगरपालिकाको आफ्नै श्रोतमा दुल्लू नगरपालिकामा रहेका अपाङ्ग व्यक्तिहरु तथा दलित समुदायको विस्तृत प्रोफाईल तयार गरिनेछ ।

२.६.२ विभिन्न लक्षित वर्गहरु दलित, जनजाती, महिला, अपाङ्ग, विपन्न समुदायका लागि लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।

२.६.३ दिगो विकास लक्ष्य, **CRC** , तथा बेईजिङ्ग घोषणापत्रका बाह्र वटा सरोकारका क्षेत्रहरुलाई स्थानीयकरणका लागि अभिमुखीकरण तालिम संचालन गर्न प्रक्रिया अगाडि वढाईने छ।

२.६.४ बिभिन्न दिवसीय कार्यक्रममार्फत समाजमा व्याप्त लैङ्गिक हिंसासामाजिक कुरीति र कुप्रथा , बिरुद्धजनचेतनामूलक अभियान संचालन गरिने छ।

२.६.५ लैगिंक उत्तरदायी बजेट विश्लेषण एवम् लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षणलाई निरन्तरता दिईनेछ ।

२.६.६ अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारलाई संरक्षण तथा सम्बर्द्धन गर्नका लागि अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ र यस कार्यलाई न्यायोचित बनाउनका लागि विगतमा जिल्लाबाट वितरण भएका अपांगता परिचयपत्रहरुलाई संसोधन तथा नविकरणको व्यवस्था गरिनेछ।

२.६.७ बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि आवश्यक पर्ने न्युनतम मापदण्डहरु पुरा गर्नका लागि विभिन्न क्रियाकलाप संचालन गरिनेछ।

२.६.८ बालअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि जोखिममा परेका बालबालिकालाई आपतकालिन उद्धारका लागि बाल उद्धार कोषको व्यवस्था गरिनेछ।

२.६.९ महिला विकास द्धारा प्रबर्द्धित महिला सहकारी संस्थाहरुको क्षमता अभिवृद्दिका लागि विभिन्न तालिम तथा अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ।

२.६.१० जेष्ठ नागरिकको ज्ञानछलफल ,सिप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण , र अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

२.६.११ बालविवाह अन्त्य गर्नका लागि दुल्लू नगरपालिकाद्धारा जारि भएको बालविवाह विरुद्धको पञ्चवर्षिय रणनीतिक योजनामा उल्लेखित क्रियाकलाप संचालन गर्न आवाज संस्था दुल्लू र अन्य सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिने छ।

२.६.१२ समग्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा कार्य गर्ने सम्पूर्ण सरोकारवाला निकायहरुसँग समन्वयसहकार्य र साझेदारीमा कार्यक्रमहरु संचालन गरिने छ। ,

२.६.१३ मानसिक स्वास्थ्य समस्या भएका नागरिकहरुका लागि सञ्चालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिँदै विभिन्न विकास साझेदारहरुसँगको समन्वयमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२.६.१४ जेष्ठ नागरिक, एकल पुरुष र एकल महिलालाई सम्मान कार्यक्रमलाई निरन्तरता दिई सञ्चालन गरिनेछ ।

२.६.१५ अपाङ्ग, टुहुरा र विपन्न बालबालिकालाई छात्रावासमा राखी जीपनोपयोगी शिक्षा दिने व्यवस्था गरिने छ ।

## ३ <u>पूर्वाधार विकास क्षेत्र सम्वन्धी नीतिहरु :</u>

### ३.१ भवन वस्ती आवास तथा शहरी विकास सम्बन्धी नीतिहरु

३.१.१ **“विश्वासिलो स्थानीय पूर्वाधार; दिगो विकासको मजबुत आधार”** भन्ने लक्ष्य सहित दुल्लू नगरपालिकालाई जिल्ला कै नमुना पालिकाको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकारसंगको समन्वयमा विस्तृत अध्ययन अनुसन्धान गरी व्यबस्थित तथा नमुना वस्ती विकासको अबधारणा अबलम्बन गर्ने नीति लिइनेछ ।

३.१.२ दुल्लू नगरपालिका वडा नं. ६मा दुल्लू ईन्जिनियरिङ्ग क्याम्पसको पूर्वाधार निर्माणका लागि जग्गा प्राप्ति र स्वीकृतिका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

३.१.३ शहरी विकासको मापदण्ड र भवनसंहिता अनुसार घर लगायतका संरचना निर्माण गर्ने नीति लिइनेछ।

३.१.४ वीस लाख भन्दा माथिका पूर्वाधारजन्य आयोजनाहरुमा अनिवार्य विमा गर्ने नीति कडाईकासाथ लागु गरिनेछ ।

३.१.५ नगरपालिका क्षेत्रमा भएका पक्की र कच्ची सबै घर अभिलेखीकरण गरिनेछ साथै गुठी जग्गामा बनेका र मापदण्ड अनुसार नयाँ बन्ने घर लगायतका संरचनाको नक्सा पास र दर्ता गरी अभिलेखीकृत गर्ने नीति लिईनेछ।

३.१.६ भुकम्प प्रतिरोधी भवन निर्माणका लागि आवश्यक सिकर्मी डकर्मी जस्ता दक्ष जनशक्ति तयार गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वयमा उपयुक्त तालिमको व्यवस्था गरिनेछ ।

३.१.७ नगरपालिकाभित्रका सार्वजनिक भवनहरुको अभिलेख अद्यावधिक गर्ने र मर्मत संभार तथा व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ ।

३.१.८ चालु आर्थिक बर्षमा निर्माणाधिन रहेका क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

३.१.९ दुल्लू नगरपालिकामा रहेको सवैभन्दा ठूलो समस्या गुठीको समस्या समाधानकालागि आवश्यक पहल गरिनेछ ।

**३.२ सडक पुल तथा यायायात व्यवस्था सम्बन्धी नीतिहरु**

३.२.१ नगरपालिकाको केन्द्र र सबै वडाको केन्द्रमा बाहैं महिना सवारी साधन सञ्चालन हुने गरी सडक निर्माण तथा स्तरबृद्दिका लागि विभिन्न विकास साझेदार संस्था एवम् संघीय र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक पहल गरिनेछ । साथै सडकको दायाँ बायाँ बृक्षारोपण गर्ने कार्यलाई अगाडी बढाई **"एक घर पाँच रुख"** को अबधारणा ल्याई बृक्षारोपण गर्ने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

३.२.२ पञ्चकोशी क्षेत्रमा सहज आवतजावतका लागि बाह्रै महिना संचालन हुने पञ्चकोशी चक्रपथ निर्माण र पैदल बाटो निर्माणका लागि केन्द्र र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

३.२.३ दुल्लू नगरपालिकाको मौजूदा नगर सडक गुरुयोजनालाई अध्याबधिक गरिनेछ ।

३.२.४ दुल्लू नगरपालिका अन्तर्गतका आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरी लागत साझेदारीमा निमार्ण कार्य अगाडी बढाइनेछ ।

३.२.५ दुल्लू नगरपालिका वडा नं. १० को नाभिस्थान, वडा नं. ६ को रेवती खोला तथा वडा नं. ४ र वडा नं. ९ लाई जोड्ने नेपागाड खोलामा पक्कीपुल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

३.२.६ भौगोलिक दुरीका कारण सेवा प्रबाहलाई सहज र छिटो छरितो बनाउन नागरिकहरुको सहज आवत जावतका लागि दुल्लू नगरपालिका क्षेत्रभित्र नगर वस सञ्चालनका लागि आगामी २ बर्षभित्र आबश्यक व्यवस्था गरिनेछ ।

३.२.७ श्रीस्थान सातखम्ब दुल्लू कीर्तिखम्ब हुदै पिपलघारी सडक, तल्लोडुङ्गेश्वर दुल्लू डाँडीमाडी सडक, माथिल्लो डुङ्गेश्वर बैक दुल्लू सडक , भजनियापोखरी धामीगाउँ प्यादुरा हुँदै पिपलघाडी सडक, तल्लोडुङ्गेश्वर लुजै छिउडी सडक, माथिल्लो डुङ्गेश्वर तोरयाँ गमौडी सडक, सिंयाला कृष्णकोट शान्तिवजार सडक, घियाँतिदु शान्तिवजार पिपलघाडी सडक र श्रीस्थान सातखम्व सडकको स्तरोन्नतिका लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारसँग पहल गर्नुका साथै सम्पूर्ण सडकहरुको न्यूनतम मापदण्ड सघीय र प्रदेश सरकारका साथै स्वीकृत नगर सडक गुरुयोजनाले तोके अनुसार लागु गरिनेछ ।

३.२.८ **"व्यवस्थित र चौडा सडक दुल्लू नगरबासीको रहर"** भन्ने मुल नाराका साथ सडक निर्माण गर्दा सडकले चर्चेको व्यक्तिगत हकभोगको जग्गा लगत कट्टाका लागी विभिन्न निकायको समन्वयमा आवश्यक प्रक्रियाको थालनी गरीनेछ ।

३.२.९ स्थानीय पुर्वाधार सहयोग कार्यक्रमसँगको साझेदारीलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षमा साझेदारी वृद्धि गरी थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ । साथै स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट अवलम्वन गरिएको नगरपालिकाबाट निर्माण सामाग्रीहरु उपलव्ध गराई जनसहभागिताबाट निर्माण कार्य गराउने मोडेललाई नगरपालिका अन्तरगतका योजनाहरुमा पनि क्रमश: अवलम्वन गर्दै स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गरिने छ ।

३.३ **जलश्रोत विद्यूत तथा स्वच्छ ऊर्जा सम्बन्धी नीतिहरु**

३.३.१ नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा दुल्लू नगर उज्यालो कार्यक्रमलाई निरन्तरता दिईनेछ। संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा आगामी आर्थिक बर्ष भित्र नगरपालिकाका करीब ९० प्रतिशत घरधुरी लाभान्वित हुनेगरी बिद्युतिकरण कार्य सम्पन्न गरिनेछ ।

३.३.२ दुल्लू नगरपालिकाका वजार क्षेत्र तथा पञ्चकोशी क्षेत्रका मन्दिरहरुमा सौर्य सडक बत्ती र सिसिटिभि क्यामरा जडान गरिनेछ ।

३.३.३ विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समन्वय र सहकार्यमा स्वच्छ खानेपानी आपूर्ति, सिचाँई सुविधा विस्तारका साथै मुहान संरक्षणका लागि उचित प्रबन्ध मिलाईनेछ ।

३.३.४ दुल्लू नगरपालिकामा निर्माणाधिन कर्णाली कोटाथला र लोहोरे मालिका लिफ्ट खानेपानी आयोजनाहरु सम्पन्न गरी सञ्चालनमा ल्याउन आवश्यक सहजीकरण गरिनेछ ।साथै खानेपानी आयोजनाले नसमेटेका बस्ती तथा वडाहरुमा समेत आयोजनाको क्षेत्र विस्तार गर्दै १ घर १ धाराको नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

३.३.५ दुल्लू नगरपालिका वडा नं. ४ बारतडीमा बहुउपयोग हुनेगरी निर्माण हुने मानव निर्मित ताल निर्माण कार्य प्रारम्भ गरिनेछ ।

३.३.६ दुल्लू नगरपालिका क्षेत्रको खानेपानी सेवालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्नको लागि खानेपानी व्यवस्थापन वोर्डको गठन तथा परिचालन गरिनेछ ।

३.४ **सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीतिहरु**

३.४.१ दुल्लू नगरपालिकाको सहकार्यमा सञ्चालित रेडियो दुल्लूका लागि आवश्यक पूर्वाधार तयार गरी संचालनमा ल्याईनेछ ।

३.४.२ विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा सुचना प्रविधिमा आधारित सार्वजानिक सेवा तथा ज्ञानमा आधारित उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।

३.४.३ बिद्युतीय सेवालाई आवश्यक पर्ने सुचना प्रविधि पुर्वाधारहरुको विकास गरिनेछ ।

## ४ वन, वातावरण तथा विपद व्यवस्थापन सम्वन्धी नीतिहरु :

४.१ हरित, लचिलो र समावेशी विकास (GRID) लाइ मुलप्रवाहीकरण गर्दै वातावरणमैत्री स्थानीय शासनका सुचकहरुलाई अवलम्बन गरी वातावरण बचाउ अभियानलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ।साथै, प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु जस्तै वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

४.२ भू—क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरु संगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ। साथै, दुल्लू नगरपालिकाका वडा नम्वर १, ३, ४, ५, ६, १२ र १३ मा पहिरोको उच्च जोखिममा रहेका वस्तिहरुलाइ जोगाउन पहिरो नियन्त्रणको कार्यलाइ अगाडी वढाइनेछ।

४.३ एक वडा एक पोखरी, एक वडा एक पार्क, एक वडा एक वालवाटिका पार्क निर्माण गर्ने कार्यलाई विस्तारै कार्यान्वयनमा ल्याईने छ।साथै, नगरपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४.४ विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEA) र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ।

४.५ संघ, प्रदेश र छिमेकी स्थानीय सरकारहरुसँगको समन्वय र सहकार्यमा दुल्लू नगरपालिका वडा नं ८ को थापाथलीमा फोहोमैला प्रसोधन केन्द्र स्थापना, डम्पिङसाइट निर्माण र टिट्मेन्ट प्लानको निर्माण गरी फोहोरमैला ब्यवस्थापनमा नमुना पालिकाको रुपमा स्थापित गर्दै "दुल्लूको मान, पूर्ण सरसफाई हाम्रो अभियान" भन्ने नारालाइ सार्थक वनाइनेछ।

४.६ विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गरिएको छ । उक्त समुहलाई विपदमा उद्दार गर्न आवश्यक सामाग्री समेत उपलब्ध गराउनुका साथै विपतमा परेका व्यक्तिहरुलाई तत्कालिन र अल्पकालिन ब्यवस्थापन गर्नको लागि यस आथिक वर्षमा पनि विपद ब्यवस्थापन कोषलाइ निरन्तरता दिइनेछ ।

४.७ नगरपालिकामा गठन भएका बिपद् व्यवस्थापन समितिहरु, नीजि शैक्षिक सस्थाहरु र समुह समितिहरुको विपद् जोखिम व्यवस्थापनमा भईरहेका प्रयासहरु र भाबी दिनमा गर्नुपर्ने कार्यका

बारेमा नगरपालिका स्तरमा नियमित छलफल गर्नुका साथै बिषयगत समितिहरुलाई जिम्मेवार बनाईनेछ ।

४.८ दुनपाका १३ वटै वडाका विपद् ब्यवस्थापन समितिलाइ आपतकालिन उद्धारको तालिम दिइनेछ ।

४.९ वडाहरुमा प्रकोपका घटनाहरुको अभिलेखिकरण राख्ने ब्यवस्था मिलाउने ।

४.१० नगर स्तरिय र वडा स्तरिय समितिको नामावली र सम्पर्क नम्वर सहितको विवरण वडा र नगरमा राख्ने ब्यवस्था गरिनेछ ।

४.११ सवै सामुदायिक वनहरुलाइ नगरमा अभिलेखिकरणको ब्यवस्था गरिनेछ ।

४.१२ सामुदायिक वनका पदाधिकारिहरुलाइ तालिम र क्षमता विकास गरिनेछ ।

४.१३ वन सरक्षण र हरियालीमय वन वनाउने सामुदायिक वन र सरोकारवालालाइ पुरस्कार दिने तथा वन जगलको विनास गर्ने लापरवाहि गर्ने सामुदायिक वनहरुलाइ कारवाहीको दायरामा ल्याउने नीति अवलम्वन गरिने छ ।

४.१४ नगर भित्रका खुला क्षेत्र र अतिजोखिम क्षेत्रको पहिचान गरी सोको विवरण अद्यावधिक गरिनेछ ।

४.१५ सडकहरुको किनारमा वृक्षारोपण गरी हरित सडक सुन्दर सडक निमार्णमा जोड दिइनेछ ।

४.१६ पानीका मुहानहरुको सरक्षणमा जोड दिने र पहिरो जानवाट रोक्न उच्च सतर्कता अपनाउन वायोइन्जिनियरिङ्गको अवधारणा कार्यान्वयनमा जोड दिइनेछ ।

४.१७ विपद् पोट्रलको अध्वधिक र ब्यवस्थित गरी प्रयोगमा जोड दिइनेछ ।

४.१८ रेडियो सेट प्रयोगमा ल्याउन रिपिटर टावर थप गरिनेछ ।

४.१९ विपदवाट वच्ने र वचाउने सन्देशमूलक तालिम र प्रदर्शनी गरिनेछ ।

४.२० कार्यालयहरुमा हरियाली वृद्धि गर्न र रमणीय वनाउन वोट विरुवा रोप्ने र उपयुक्त स्थानहरुमा गमला राख्ने ब्यवस्था मिलाईने छ ।

४.२१ जोखिम सम्वेदनशिल भूउपयोग योजनालाइ स्थानीयकरण गर्दै सो को सवै वडा तहमा जानकारी गराईने छ ।

४.२२ विजया साहित्यक पार्कमा वृक्षारोपण र कृषि क्याम्पस विनायकमा वोटानिक गार्डेन निर्माण गरिनेछ । ।साथै कृष्णकोट जङ्गलमा वृक्षारोपण र रिचार्ज पोखरी समेत निर्माण गरिनेछ ।

४.२३ मुहान संरक्षणका लागि अनुसन्धान गरी रिचार्ज पोखरी, चेक ड्याम लगायतका कार्यलाई प्राथमिकता दिईनेछ

४.२४ जोखिम सम्वेदनशिल भूउपयोग रणनितिक योजनाले परिलक्षित गरेका अतिजोखिम स्थलहरुमा वायोइन्जिनियरिङ्ग सम्वन्धि कार्यक्रम संचालन गरिनेछ । साथै ठूलो पहिरो नियन्त्रणका लागि विभिन्न सरकारी तथा विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

४.२५ पानीका मुहान सरक्षण गर्ने आवश्यक्तालाइ मध्यनजर गर्दै १ मुहान १० विरुवा रोप्ने कार्यक्रम सचालन गरिनेछ ।

४.२६ नगरपालिका कार्यालयमा टोल फ्रि नम्वर कायम गरि सचालनमा ल्याउने ।

४.२७ विपद् ब्यवस्थापन, जलवायु परिवर्तन तथा जैविक विविधता सम्वन्धी ज्ञान स्थानीय पाठ्यक्रममा समावेश गरी सवै विध्यालयमा सो सम्वन्धी अभिमुखिकरण गरिनेछ ।

४.२८ नगरपालिकामा घर निमार्ण कार्यलाइ दिगो भरपर्दो र गुणस्तरिय रुपमा गर्न दक्ष कामदार तयार गर्न डकर्मी तालिम सचालन गरिनेछ ।

४.२९ पानीका मुहान सरक्षण गर्न नगरका विभिन्न उपयुक्त स्थानहरुमा रिचार्ज पोखरी निर्माण गरिनेछ ।

४.३० नगरपालिका भित्रका विभिन्न सामुदायिक वनहरुमा एग्रो फरेष्ट कार्यक्रम सचालन गरिनेछ ।

४.३१ विपद् ब्यवस्थापन सँग सम्वन्धित सवै सरोकारवाला, समिति र कर्मचारीहरुलाइ विभिन्न क्षमता विकासका तालिमहरु प्रदान गरिने छ ।

४.३२ नगरका अति विपन्न समुदायको लागि आर्थिक उत्थानशिल कार्यक्रमहरु सचालन गरिनेछ ।

४.३३ विपद् जोखिम न्यूनिकरणका क्षेत्रमा दुनपालाइ नमूना नगर वनाउन योजनावद्ध रुपमा कार्यक्रमहरु सचालन गरिनेछ ।

४.३४ एक विद्यार्थी एक फलफूल विरुवा रोपण र संरक्षण नीतिलाई अभियानको रुपमा कार्यान्वयनमा लगिने छ ।

## ५ <u>सुशासन तथा संस्थागत विकास क्षेत्र तर्फ :</u>

५.१ शहरी शासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी वनाउन नीति, कानून, सुशासन तथा न्याय प्रवर्द्धन कार्यलाई थप व्यवस्थित र प्रभावकारी वनाउँदै लगिने छ ।

५.२ दुल्लू नगरपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गर्दै संगठन तथा ब्यवस्थापन सर्वेक्षण (O&M Survey) गर्नुका साथै कर्मचारीहरुको कामको मुल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै जनप्रतिनिधि

तथा कर्मचारीहरुको क्षमता विकास र वृति विकासमा सहयोग पुग्ने खालका तालिम संचालन गर्नुका साथै कर्मचारी प्रशासनलाई थप जवाफदेही, प्रतिस्पर्धी र उत्प्ररित गरिने छ ।

५.३ दुल्लू नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र सेवाग्राही मैत्री वनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिने छ ।

५.४ करको दायरालाई विस्तार गर्न अनौपचारीक रुपमा संचालनमा रहेका सबै प्रकारका ब्यवसायलाई दर्ता तथा अभिलेखिकरण गरी नगरपालिका वाट प्रवाह हुने सेवा संग आवद्ध गरिने छ । साथै नगरपालिका भित्र संचालनमा रहेका सम्पुर्ण उधोग ब्यवसायलाई औपचारीक रुपमा दर्ता हुन आएमा निश्चित अवधिसम्म करमा विशेष छुट तथा थप सुबिधा प्रदान गर्न कर संकलनका लागि घुम्ती शिविर संचालन गरिने छ ।

५.५ नगरपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार र राजस्व चुहावट नियन्त्रण प्रभावकारी वनाईनुका साथै मुल्याङ्कनमा आधारित सम्पत्ति कर घोषणाको नीति अवलम्वन गरिनेछ ।

५.६ नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार भई कार्यान्वयनमा रहेको र यसमा थप राजश्वका क्षेत्रहरु पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिबृद्धि गर्न सोही कार्ययोजना लाई कार्यान्वयन गरि आन्तरिक राजश्व बृद्धि गर्न आवश्यक ऐन कानुन र नियमावली बनाईनेछ ।

५.७ दुल्लू नगरपालिकाको आवधिक योजना तयार भई कार्यान्वयनमा रहेको र मध्यकालिन खर्च संरचना विषय क्षेत्रगत गुरुयोजना र आयोजना वैंक तयार गरी आगामी आर्थिक वर्षमा लागू गरिनेछ र सोहि बमोजिम वार्षिक वजेट, योजना तथा कार्यक्रम तर्जुमा गरी नगरपालिकको विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक वनाईने छ ।

५.८ कर तथा गैरकर सम्वन्धी ऐन तर्जुमा गरी राजश्व प्रणालीलाइ सुदृढीकरण गरिने छ ।

५.९ राजश्वका दायरालाइ फराकिलो गर्नुका साथै राजश्व वृद्धि हुने खालका नवप्रवर्तनकारी क्षेत्रको पहिचान गरिनेछ ।

५.१० दुल्लू नगरपालिका सँग सिमाना जोडिएका अन्य स्थानीय तहहरू सँग समन्वय र सहकार्य गरी दुल्लू नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न नदी तथा घाटहरूबाट राजश्व अभिवृद्धिका लागि प्रचलित कानून बमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गर्ने गराउने नीति अवलम्वन गरिनेछ ।

५.११ दुल्लू नगरपालिकाको कर राजश्वको अभिलेख अद्यावधिक गरी राजश्व असुलीलाइ थप प्रभावकारी बनाइनेछ ।

५.१२ स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) अन्तर्गत थप भएको सार्वजनिक खरीद व्यवस्थापन प्रणाली, राजस्व व्यवस्थापन प्रणाली तथा विद्युतीय रकम ट्रान्स्फर प्रणालीको पूर्णरुपमा कार्यान्वयन गरी चेक रहित सेवा प्रवाह गरिनेछ ।

५.१३ राजश्व प्रणाली अन्तर्गत जनताले पालिकालाई बुझाउने करलाई व्यवस्थित बनाउन नेपाल सरकारले हालै लागु गरेको QR राजश्व भुक्तानी प्रणाली र Online Revenue संकलन प्रणालीलाई अनुसरण गर्दै सो लाई लागु गरिनेछ ।

५.१४ सुन्य बेरूजु नगर बनाउने कार्यलाई निरन्तरता दिइनेछ साथै बेरूजु असुल तथा फछ्यौंट गर्ने गराउने कार्यमा संलग्न जिम्मेवार कर्मचारी तथा पदाधिकारीलाई आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५.१५ आगामी आर्थिक वर्षको पहिलो ३ महिना भित्र पदाधिकारी तथा कर्मचारीलाई आर्थिक अनुशासन तथा आर्थिक पार्दशिता विषयक तालिम संचालन गरिनेछ साथै बेरुजु फछ्यौंट अभियान नै संचालन गरिने छ ।

५.१६ सेवा प्रवाहको सिद्धान्त अन्तर्गत One day in-out service लाई निरन्तरता दिइनेछ ।

५.१७ आगामी आर्थिक वर्षबाट वडा स्तर तथा मातहतका अन्य कार्यालयमा गरिने सम्पत्ति व्यवस्थापनलाई समेत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा आवद्ध हुन पहल गरिनेछ ।

५.१८ पुराना तथा प्रयोग हुन नसक्ने जिन्सी सामाग्रीहरुको प्रचलित कानून बमोजिम लिलाम विक्री गर्न आवश्यक प्रक्रिया अगाडि वढाईने छ ।

५.१९ नतिजामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिको अवलम्वन गरिनेछ ।

५.२० डिजिटल नगरपालिका उन्मुख नीति अवलम्वन गरिनेछ ।

५.२१ नगरपालिकामा रहेको न्यायिक समितिको ईजलासको पूर्ण व्यवस्थापन गरिनेछ ,

५.२२ दुल्लू नगरपालिकाको न्यायिक कार्य सम्पादनालाई थप प्रभावकारी बनाउनका लागि नगर प्रहरी नियुक्ति गर्ने प्रक्रियाको थालनी गरिनेछ ।

५.२३ दुल्लू नगरपालिकाको सम्पूर्ण वडाहरुमा रहेको मेलमिलापकेन्द्रको उचित व्यवस्थापन गरिनेछ,

५.२४ मेलमिलापकर्ताहरुलाई कानूनी रुपमा मान्यता प्रदान र मेलमिलापकर्ताको रुपमा दर्ता गर्नका लागि ४८ घण्टे तालिम प्रदान गरिनेछ,

५.२५ लैंगिकसांस्कृतिक रुपमा जनसहभागिता तथा समावेशी सिद्धान्त अनुरुप न्यायिक ,सामाजिक , सेवा प्रवाहलाई थप व्यवस्थित, पारदर्शी र जनमुखि वनाईने छ ।

५.२६ प्रत्येक वडा कार्यालयमा तार सहितको ईन्टरनेट लाईन विस्तार गर्ने र बैकल्पिक रुपमा वायरलेस डिभाईस सहित इन्टरनेट सुबिधा पुर्याईने छ ।

५.२७ नागरिकलाई सहज सूचना प्रवाहका लागि डिजिटल नागरिक वडापत्रको ब्यवस्थापन गरिनेछ ।

५.२८ विभिन्न खोजमुलक कार्य तथा डिजिटल तालिम कार्यक्रम संचालनका लागि डिजिटल लाईब्रेरीको स्थापना गरिनेछ ।

५.२९ संस्थागत स्व मुल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयनका लागि उचित बजेट ब्यवस्थापन गरी कार्यन्वयन गरिनेछ ।

५.३० नागरिक सेवा प्रवाहलाई छिटो छरितो र चुस्त वनाउनको लागि अनलाईन सिफारिस प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिने छ ।

५.३१ Data backup का लागि सूचना प्रविधि बिभागको सहयोग र समन्वयमा Data center को स्थापना गरिनेछ।

५.३२ पुर्ण ब्यवस्थित इन्टरनेटको लागि Bandwidth Control सहित इन्टरनेट सर्भरको ब्यवस्थापन गरिनेछ ।

५.३३ नगरपालिका भित्रका विद्यालयका बालवालिकाहरुलाई सूचना प्रविधि शिक्षा प्रदान गर्नका लागि नगर भित्रका शिक्षण संस्थाहरुको विचमा सहकार्य Academic Collaboration गरिनेछ ।

५.३४ Digital Divide को अत्य गर्नको लागि तोकिएको सार्वजनिक स्थलहरुमा Free wifi को ब्यवस्थापन गरिनेछ।

५.३५ पर्यटन सूचना केन्द्रलाई स्तरउन्नति गरी समग्र पर्यटनका सूचना प्रवाह गर्ने र सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।

५.३६ नगरपालिकामा कार्यरत अस्थायी/करार कर्मचारीलाई प्रोत्साहित गर्नका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोष, कर्मचारी संचय कोष तथा नागरिक लगानी कोषमा जोडी सो सम्वन्धी सेवा सुविधा प्रदान गर्न पहल गरिने छ ।

५.३७ भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीति अवलम्वन गरिने छ ।

५.३८ सामाजिक सुरक्षा भत्ताको वडा स्तरवाटै सहज वितरणको लागि सम्वन्धित निकायहरुसँग आवश्यक पहल गरिने छ ।

५.३९ दुल्लू नगरपालिकालाई कार्यक्षेत्र वनाई कार्यक्रम संचालन गरिरहेका विभिन्न विकास साझेदार निकायहरु तथा गैर सरकारी संघ संस्थाहरु (USAID, GIZ, Helvetas Nepal, CMC Nepal, तयार

नेपाल , कवास, सोसेक नेपाल, सेवक दैलेख, एभरेष्ट क्लव, आवाज संस्था) को सहकार्यलाई आगामी वर्षमा पनि निरन्तरता प्रदान गरिनुका साथै नयाँ विकास साझेदारहरु भित्र्याउनको लागि आवश्यक समन्वय गरिने छ ।

५.४० यस नगरपालिकाका विभिन्न विषयगत शाखा अन्तरगत परिचालन हुनेगरी गठन भएका सामुदायिक वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिंचाई उपभोक्ता समिति, कृषक समूह, सहकारी, टोल विकास संस्था, आमा समूह लगायतका समुदायमा आधारित संस्थाहरुलाई यस नगरपालिकामा दर्ता गर्ने प्रणालीलाई थप व्यवस्थित गर्नुका साथै संस्थाहरुको नगर स्तरीय सम्वन्धित विषयगत संजाल गठन गरी परिचलान गरिनेछ । विभिन्न संजालहरुको पनि साझा संजाल स्थापना गरी परिचालन गर्नको लागि आवश्यक कानूनी व्यवस्था गरिने छ ।

५.४१ नगरपालिका र वडा कार्यालयका कर्मचारीहरुलाई सूचना प्रविधिसँग परिचित भई समय सापेक्ष कार्यका लागि सूचना प्रविधि सम्वन्धी क्षमता विकास कार्यक्रम गरिनेछ ।

५.४२ यस नगरपालिकाको वैकमा रहेको सेवा केन्द्रबाट कृषि तथा पशु सेवाको सेवा प्रवाहको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

५.४३ चालु आर्थिक वर्षमा सञ्चालनमा रहेको **"जनतासँग नगर प्रमुख कार्यक्रम"** र **"जनतासँग नगर उप प्रमुख कार्यक्रम"**लाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता प्रदान गरिने छ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयनवाट दुल्लू नगरपालिकाको समृद्धी र विकासमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरेको छु । साथै, दुल्लू नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु *(स्थानीय पूर्वाधार विकास कार्यक्रम, तयार नेपाल, USAID, Save the Children, GIZ, Helvetas Nepal, CMC Nepal, ICT4D परीयोजना, कर्णाली जल परियोजना, वन हर्ट वर्ल्डवाईज, सुआहारा, स्वास्थ्यका लागि सक्षम प्रणाली, वास नेपाल, अपाङ्गता सशक्तिकरण केन्द्र, पावर ४ परीयोजना, आवाज संस्था, निक साइमन, सोसेक नेपाल, सेवक दैलेख, एभरेष्ट क्लव दैलेख)* निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, नगरपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।अन्त्यमा आगामी आर्थिक वर्षको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधी ज्यूहरु, नागरिक समाज, पत्रकार ज्यूहरु, विभिन्न विकास साझेदार निकायहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु । साथै नीति तथा कार्यक्रमको तर्जुमा कार्यमा अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।